आज मिति २०७५ साल भाद्र १० गते आईतबारका दिन तीनपाटन गाउँपालिका, गाउँ कार्यपालिकाका अध्याक्ष श्री कर्ण बहादुर मगरक ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपशिलका प्रस्तावहरु माथि छलफल गरि निर्णय गरियो ।

## उपस्थिति

१. श्री कर्ण बहादुर मगर - गाउँपालिका अध्याक्ष

२. श्री पदम माया तामाङ - उपाध्याक्ष, कार्यपालिका सदस्य

३. श्री गोबिन्द बहादुर राउत - कार्यपालिका सदस्य

४. श्री हेम बहादुर श्रेष्ठ - कार्यपालिका सदस्य

५ श्री लाल बहादुर स्याङतान - कार्यपालिका सदस्य

६ श्री खड्ग बहादुर भुजेल - कार्यपालिका सदस्य

७. श्री दिनेश कुमार रमौली - कार्यपालिका सदस्य

८. श्री बीर बहादुर पुलामी - कार्यपालिका सदस्य

९. श्री कोमल बहादुर खपाँङ्गी - कार्यपालिका सदस्य

१०. श्री रेखराज अधिकारी - कार्यपालिका सदस्य

११. श्री शेर बहादुर मगर - कार्यपालिका सदस्य

१२. श्री पुण्यहरी भुजेल - कार्यपालिका सदस्य

१३. श्री हितलाल श्रेष्ठ - कार्यपालिका सदस्य

१४. श्री जगदिश्वर तोलांगी - कार्यपालिका सदस्य

१५. श्री गीतामाया थापा मगर - कार्यपालिका सदस्य

१६. श्री भगवती कुमरी श्रेष्ठ - कार्यपालिका सदस्य

१७. श्री देबमाया श्रेष्ठ - कार्यपालिका सदस्य

१८. श्री दुध कुमारी ठकुरी - कार्यपालिका सदस्य

१९. श्री टेक बहादुर परियार - कार्यपालिका सदस्य

२०. श्री सुरेन्द्र प्रधान - सदस्य सचिब

२१. श्री राजन थापा - प्रमुख प्रशासकीय अधिकृत

२२. श्री हरि बहादुर खपाङ्गी मगर - लेखा अधिकृत

२३. श्री गोपाल प्रसाद पहाडी - ना.सु.

२२. श्री तारानाथ अधिकारी - कार्यालय सहयोगी

**प्रस्ताबहरु :-**

१. प्राबिधिकको करार म्यादथप सम्बन्धमा ।

२. घर नक्सा पास कार्यबिधि सम्बन्धमा ।

३. घ बर्गको निर्माण व्यबसाई दर्ता कार्यबिधि सम्बन्धमा ।

४. संघ/संस्था दर्ता अनुमति कार्यबिधि सम्बन्धमा ।

५. शिक्षा शाखा संचालन जिम्मेवारीदिने सम्बन्धमा ।

६. न्यायीक समितिको बार्षिक कर्यासम्पादन सम्बन्धमा ।

७. कार्यपालिका सदस्यहरुको थप सुबिधा सम्बन्धमा ।

८. गाउँ शिक्षा समितिको सदस्य मनोनयन सम्बन्धमा ।

९. विपद व्यबस्थापन समिति गठन सम्बन्धमा ।

१०. सिकाई केन्द्र र आपत्कालिन केन्द्र स्थापना सम्बन्धमा ।

११. बालमैत्री वडा बनाउने सम्बन्धमा ।

१२. भेट्नरी तथा कृषी फर्म दर्ता कार्यबिधि सम्बन्धमा ।

१३. विद्यालयका शिक्षक भर्नाका लागि अनुमति दिने सम्बन्धमा ।

निर्णय नं.१

प्रस्तुत प्रस्ताब नं. १ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरु १. ईन्जिनियर, राजेन्द्र मानन्धर, २. सब ईन्जिनियर, संजिब घिमिरे र अशिष्टेण्ड सब ईन्जिनियर, राजन कार्कीको करार अवधि २०७५ आषाढ मसान्तमा समाप्त भएको र कार्यालयको कामको बोझलाई मध्यनजरगरि प्राबिधिक कर्मचारीहरुको पुःन म्याद थपगर्नुपर्ने देखिएको तर उल्लेखित कर्मचारीहरुले फिल्डमागई काम गर्दा उपभोक्ताहरुलाई दुःख दिएको भनि व्यापक रुपमा जनगुनासो आएको हुँदा अब आयन्दा यस्ता जनगुनासाहरु दोहोरिएमा तुरुन्त करार अवधि भङ्गहुने गरि मिति २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म ६ (छ) महिनाका लागि म्याद थप गर्ने र यस कार्यालयको लागि प्राबिधिक कर्मचारी नपुग भएको हुँदा थप दुई जना सब ईन्जिनियर यस कार्यालयको आन्तरिक श्रोत बाट पारिश्रकिक व्यहोर्ने गरी कार्यालयको नियमानुसार सेवा करारमा भर्नागर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्तुत प्रस्ताब नं. २, ३ र ४ माथि छलफल गर्दा घर नक्सा पास, घ बर्गको निर्माण व्यबसाई दर्ता कार्यबिधि, संघ/संस्था दर्ता अनुमति विद्येक मस्यौदा समितिबाट पास गराई २०७५ भाद्र २० गते सम्म कार्यपालिका सदस्यहरुलाई छलफलका लागि पेशगर्ने र २५ गते हुने कार्यपालिकाको नियमित बैठकमा उक्त मस्यौदा पेशगर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्तुत प्रस्ताब नं. ५ माथि छलफल गर्दा शिक्षा शाखा संचालनका लागि मिति २०७५ साल भाद्र ७ (सात) गते तीनपाटन गाउँ शिक्षा समितिको बैठकबाट शिक्षा शाखा संचालनकालागि जिम्मेवारी तोकिई आएका स्रोत व्यक्ती श्री बुद्धीमान तामाङ र श्री प्रेम बहादुर पौडेललाई शिक्षा शाखाको निमित्तभई कामगर्न र सामाजिक परिचालक श्री शारदा धनामगर लाई उक्त कार्यालयको प्रशासनशाखाको कर्मचारीभई कामगर्नेगरि अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्तुत प्रस्ताव नं. ६ माथि छलफल गर्दा न्यायीक समितिले आ.ब. ०७४/०७५ मा गरेका कार्यसम्पादनहरुको अभिलेख २०७५ भाद्र २५ गतेहुने कार्यपालिकाको बैठकमा पेशगर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्तुत प्रस्ताब नं. १३ माथि छलफल गर्दा विद्यालयमा रिक्तरहेका शिक्षक दरबन्दीका लागि बिद्यालय व्यबस्थापन समितिको निर्णयानुसार रित पूर्बक आएका निबेदनहरुलाई शिक्षक भर्नाका लगि सूचना प्रकाशन गर्न सम्बन्धीत बिद्यालय लाई अनुमति दिने निर्णय गरियो ।